NSW Health

# एन.एस.डब्ल्यू. (NSW) फार्मेसी परीक्षण

## बारम्बार सोधिने प्रश्नहरू

NSW Pharmacy Trial - Frequently Asked Questions

Nepali

### क्लिनिकल परीक्षण भनेको के हो?

क्लिनिकल परीक्षण एक अनुसन्धान अध्ययन हो। यसले मेडिकल कन्डिसनको रोकथाम, स्क्रिनिंग, निदान वा उपचारको नयाँ पद्धतिले सुरक्षित हेरचाह प्रदान गर्न मद्दत गर्न सक्छ कि सक्दैन भनेर देखाउँछ ।

यस क्लिनिकल परीक्षणमा प्रशिक्षित फार्मासिस्टहरूले मूत्रमार्गको संक्रमण (UTI) को उपचारमा मद्दत गर्न औषधिहरु प्रदान गर्न सक्छन् र योग्य व्यक्तिहरूलाई केही मौखिक गर्भनिरोधक चक्कीहरू (गोली) प्रदान गर्न सक्दछन्। यी व्यक्तिहरूलाई उनीहरूको डाक्टरबाट प्रिस्क्रिप्शन (कहिलेकाहीं 'स्क्रिप्ट' भनिने) को आवश्यकता पर्दैन। यसले यी औषधिहरू फर्मासिस्टबाट प्राप्त गर्न सुरक्षित र सजिलो छ कि छैन भनेर परीक्षण गर्नेछ।  यस अध्ययनले एक व्यक्तिले लगातार हेरचाह पाइरहेका छन् भनेर सुनिश्चित गर्न उनको फार्मासिस्ट र डाक्टरबीच राम्रो संचार छ कि छैन भनेर पनि जाँच गर्नेछ  ।

### के म मेरो स्थानीय फार्मेसीमा हेरचाह प्राप्त गर्न योग्य छु?

मूत्र मार्गको संक्रमणको उपचारको लागि, तपाईं निम्न हुनुपर्नेछ:

- महिला
- १८ देखि ६५ वर्ष उमेर समूह (समावेशी) को
- सरल मूत्रमार्गको संक्रमणसँग मिल्दोजुल्दो लक्षणहरू प्रदर्शन गरेको, जुनमा निम्न कुराहरु समावेश हुन सक्छ:
    - पिसाब गर्दा पोल्ने वा घोच्ने (दुख्ने), वा
    - बारम्बार वा तुरुन्तै पिसाब फेर्न आवश्यक हुने।

यस वर्षको अन्त्यमा मौखिक गर्भनिरोधक चक्की (गोली) को विस्तारित आपूर्ति प्राप्त गर्न, तपाईंले निम्न हुन आवश्यक हुनेछ:

- १८ देखि ३५ वर्ष उमेर समूह (समावेशी) को
- गर्भनिरोधक प्रयोजनका लागि मात्र चक्की लिएको
- डाक्टर (जी.पी.) वा नर्स व्यवसायीले पछिल्लो दुई वर्षमा कम जोखिमयुक्त मौखिक गर्भनिरोधक चक्की सिफारिस गरेको। यो प्रिस्क्रिप्शनको म्याद समाप्त भएतापनि तपाईं योग्य हुनुहुन्छ।

तपाईंको परामर्शको क्रममा थप स्क्रिनिङ प्रश्नहरू सोधिनेछ। तपाईंले सही समयमा सही स्वास्थ्य सेवा पेशेवरबाट सही हेरचाह प्राप्त गर्नुहोस् भनेर सुनिश्चित गर्न यो गरिन्छ। यसको अर्थ तपाईंलाई तपाईंको डाक्टर (जी.पी.) वा इमर्जेन्सी विभागमा रेफर गर्न सकिन्छ।

© NSW Ministry of Health. SHPN (OCHO) 230305-8. May 2023

## यदि म मेरो स्थानीय फार्मेसीमा हेरचाह प्राप्त गर्न योग्य छैन भने के हुन्छ?

तपाईंले सही समयमा सही उपचार प्राप्त गर्नुहोस् भनेर सुनिश्चित गर्न तपाईंको फार्मासिस्टले तपाईंको डाक्टर (जी.पी.) वा अन्य स्वास्थ्य सेवा पेशेवरलाई रेफर गर्नु आवश्यक हुन ि छ। आपतकालीन समयमा, फार्मासिस्टले तपाईंलाई इमर्जेन्सी विभागमा पनि रेफर गर्न ि छन्।

## मेरो फार्मासिस्टबाट मूत्रमार्गको संक्रमण (UTI) को औषधिको वा मौखिक गर्भनिरोधक चक्कीको प्रिस्क्रिप्शन प्राप्त गर्न कति खर्च लाग्नेछ?

तपाईंले फार्मासिस्टसँग परीक्षण अन्तर्गत उपचार प्राप्त गर्ने बारेमा कुरा गर्न परामर्श शुल्क तिर्नु पर्दैन।

एन.एस.डब्ल्यू. (NSW) सरकारले फार्मेसीहरूलाई परीक्षणको भागको रूपमा प्रत्येक परामर्शको लागि $ २० तिर्नेछ र फार्मेसीहरूलाई यस प्रतिपूर्तिको अतिरिक्त थप परामर्श वा प्रशासन शुल्क लिन अनुमति छैन।

फार्मेसीद्वारा निर्धारित मूल्य र बिरामीद्वारा भुक्तान गरिएको मूल्यको साथ औषधीहरूको लागत निजी प्रिस्क्रिप्शनको समान हुनेछ।

तपाईंले सेवा प्राप्त गर्न सहमत हुनु अघि औषधीहरूको लागतको बारेमा आफ्नो फार्मासिस्टसँग चेक गर्नुहोस्।

## के फार्मासिस्टहरू औषधि प्रिस्क्राइब गर्न योग्य छन्? के उ नीहरूले मलाई मदत गर्न उचित प्रशिक्षण पाएका छन्?

क्लिनिकल परीक्षणमा भाग लिइरहेका फार्मासिस्टहरूले मूत्रमार्गको संक्रमण (UTI) को लागि औषधि प्रदान गर्न र मौखिक गर्भनिरोधक चक्कीको विस्तारित आपूर्तिको लागि अतिरिक्त प्रशिक्षण पाएका छन्।

सहभागी फार्मासिस्टहरूलाई को उपचार प्राप्त गर्न योग्य छ र कसलाई उनीहरूको डाक्टर (जी.पी.) वा इमर्जेन्सी विभागमा रेफर गर्नुपर्छ भनेर क्लिनिकल मार्गदर्शन र प्रोटोकलहरू प्रदान गरिनेछ।

यी निर्देशिकाहरू क्लिनिकल परीक्षण टोलीले प्रमुख सरोकारवालाहरूसँग परामर्श गरेर विकसित गरेका छन् र यी अन्तर्राष्ट्रिय सर्वोत्तम अभ्यासमा आधारित छन्।

## रयै ` यरीयिषणरया भाग ि इ्रहेको फारयायनसिस्य कहाँ पाउन सक्छु ?

तपा ईको नजिक्द सहभा गी फा र्मेसी खोज्नुहोस् :

www.health.nsw.gov.au/pharmaceutical/Pages/pharmacy-trial-locations.aspx

© NSW Ministry of Health. SHPN (OCHO) 230305-8. May 2023